# पुनस्थापना सहयोग

## अन्तर्राष्ट्रिय आप्रवासन संगठन (IOM) को सहयोग भुक्तानी प्रणालीबारे विवरण

- विदेशबाट फर्किएर आएको तीन महिनाभित्र IOM कार्यालयमा सम्पर्क राख्नु पर्नेछ ।
- आफ्नो पहिचान स्पष्ट गर्न राहदानी वा कुनै परिचयात्मक प्रमाणपत्र पेश गर्नुपर्ने छ ।
- फर्किएर आउने देशमा कानूनीरुपमा बस्न पाउने अधिकार भएका व्यक्तिलाई मात्र त्यस्तो सहयो प्रदान गर्न सकिन्छ ( तेस्रो मुलुकमा बस्ने भएमा बस्ने र काम गर्ने अधिकार प्राप्त भएको हुनुपर्छ ) ।
- कुनै व्यवसाय शुरु गरेमा त्यो कानूनसम्मत हुनुपर्छ र दर्ता प्रमाण्पत्रको प्रतिलिपि IOM मा बुझाउन पर्नेछ ।
- पुनस्थापना सम्बन्धी कार्यको सफलताका लागि IOM का अधिकारीसंग सहकार्य गर्नुपर्ने छ ।
- पुनस्थापना सहयोग फर्केर आएको एक वर्षसम्म मात्र दिन सकिनेछ ( आप्रवासन सम्बन्धी राज्यको सचिवालयको विशेष स्वीकृतिमा मात्र भुक्तानी दिइनेछ) ।
- कुनै पनि रकम भुक्तानी गर्नु अघि पुनस्थापना आयोजनामा भएका परिवर्तनहरु स्वीकृत हुनुपर्दछ ।
- सम्झौता पत्रमा उल्लेख गरिएको रकम नै अधिकतम सहयोग रकम हो । आप्रवासन सम्बन्धी राज्यको सचिवालय वा दातृराष्ट्रबाट स्वीकृत गरिएको पुनस्थापना सम्बन्धी कार्यक्रममा सहयोग स्वरुप पाउने रकम भन्दा कम रकम खर्च गरी आफ्नो व्यावसाय चलाएमा संलग्न रसिदका आधारमा त्यति नै मात्र रकम भुक्तानी दिइने छ ।
- आप्रवासन सम्बन्धी राज्यको सचिवालय वा दातृराष्ट्रबाट स्वीकृत गरिएको पुनस्थापना सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न पटक पटक गरी भुक्तानी दिइनेछ ।

- पुनस्थापना सहयोग भुक्तानी गर्दा सहयोगको प्रकृति हेरी सकेसम्म सेवा प्रदान गर्नेहरु घरधनी, डक्टर वा औषधालयहरुलाई सोझै भुक्तानी दिन सकिने छ ।

- सिधै भुक्तानी सम्भव नभएमा आफ्नो कार्यक्रमको सिलसिलामा भएका खर्चहरुको भर्पाइ र रसिदका आधारमा खर्चको भुक्तानी दिइने छ ।

- कहिल्यै पनि नगद भुक्तानी दिइने छैन ।

- भुक्तानी दिदा प्राय गरि स्थानीय मुद्रामा दिइने छ । तर स्वीस फ्रैंकमा भने दिइने छैन ।

- पुनस्थापना सहयोग भुक्तानीको डलर रकम आप्रवास सम्बन्धी राज्य सचिवालयले वार्षिक रुपमा तोक्नेछ ।

- यसरी भुक्तानी दिदा IOM ले तोकेको मासिक विनिमय दरका आधारमा दिइने छ । त्यसैले यस्तो दर बैंकको विनिमय दरभन्दा फरक पनि हुन सक्दछ ।

सम्पर्क

- फर्कनु अघि : फर्किएर जाने राष्ट्रको IOM कार्यालयमा प्रत्यक्ष सम्पर्क गर्न मिल्दैन । स्वीस कार्यालयमा सम्पर्क गर्ने व्यक्ति रिर्टन काउन्सेलर (Return Counsellor) हुन्छ ।

- फर्किएपछि : IOM को स्थानीय कार्यलयले सबै प्रश्नको उत्तर दिन्छ र आफ्नो कार्यक्रमको सफल कार्यान्वयन गर्न मद्दत गर्नेछ । स्वीट्जरल्याण्डको Return Counselor स्थानीय सम्पर्क व्यक्ति हुँदैन, फर्किएको राष्ट्रको IOM अधिकारी मात्र स्थानीय सम्पर्क व्यक्ति हुन्छ ।